# अझै बलियाकै राज चल्छ

प्रस्तुत लेखमा उल्लेखित "भारत र भारत सरकार" शब्दहरूले भारतीय नागरिकहरूलाई समेट्दैन।

मानव समाजमा सत्विचार र विवेकको चेतना निरन्तर रूपमा विकास एवं विस्तार हुँदै गईरहेको कुरामा रत्तिभर पनि सन्देह छैन। तथापी ब्यक्तिगत स्वार्थ र लालचकोपन्जाले मानिसलाई यसरी अँठ्याएको छ कि यसले मानिसलाई अझै पिडा दिन छाडेको छैन। यस प्रवृतिले विगतमा पनि कैयौँलाई असर गर्यो भने चेतनाको मन्दविकासक्रमले गर्दा अझ पनि धेरैजनालाई सिकार बनाउन सक्ने अवस्था देखिन्छ। मानव कल्याणको नाममा हामी धेरै अधिकारका कुराहरू गर्छौं तर वास्तवमा भन्ने हो भनेहामी आफु लाभान्वित हुने कुरा मात्रै अँगाल्छौं। स्रोत-सम्पन्न देशहरू जस्तै कुवेत, ईराक र सिरीयामा भएको द्वन्दले तुरन्त विश्वको ध्यानाकर्षण गर्‍यो भने आर्थिक अवस्थालेजरजर पारीएको दक्षिणी अफ्रकि देश सुडानमा भएको त्यो भन्दा विकराल नरसंहारको खबरको त्यति चासो राखिएन।अहिलेको भारतले नेपाललाई लगाएको नाकाबन्दीजसले भूपरीवेष्ठित राष्ट्रको अधिकारलाई ठाडो उल्लघंन गरीरहेको छ त्यो त्यसैगरी हराएको छ। यस्तो संवेदनशील कुराहरूमा जब हामी पछाडी छौं भने भौतिक विकासलेकुनै माइने राख्दैन। त्यो त केहि छिनमै विनाश हुन सक्छ जुन ISIS र अलकायदा जस्ता विद्रोहि समूहहरूको आतंककारी क्रियाकलापहरूबाट प्रष्ट देखिन्छ।

नेपालको संविधान लगभग ७ वर्षको दुर्बल र भ्रष्ट राजनितीज्ञहरूको आपसी कलह पश्चात भारतले रचेको रणभूमिमा सन् २०१५ आश्विन महिनामा आएको हो। त्यसैलेअहिलेको संविधानमा कमीकमजोरीहरू नभएका हैनन्। तर प्रगतिशील मान्छेहरूको राजनितीमा प्रवेश पश्चात यो संशोधन हुँदै जानेछ। आश्चर्यजनक अनि स्मरणीय कुराचाहिँ के देखिन्छ भने यसपटक भारतको हस्तक्षेपका बाबजुद संविधान ८५% बहुमतले पारीत भयो। त्यति मात्र हैन सर्वसाधारण जनताहरू पनि कठिनाई सहने तरअत्याचार नसहने पक्षमा देखिन्छन्। यसबाट यो निष्कर्षमा पुग्न सकिन्छ कि यो पाली नेपालीहरू आफ्नो सार्वभौमसत्ताकोलागि अडिग छन्। अर्कोतिर नेपालको यसकिसिमको साहस र स्वनिर्णयबाट पहिलो पटक भारतले ठूलो झट्का महसुस गर्यो। अनि रूष्ट भई छ सक्कली चेहरा देखाएको छ। फलस्वरूप आफैद्वारा पोषित मधेशकाटाठाबाठा जमिन्दार सामन्तहरूको बाहुल्यता रहेको राजनैतिक कटपुतली पार्टिहरूलाई चलाखीपूर्ण ढगंले मानव ढाल निर्माण गराई नेपाल-भारतको मुख्य ब्यापारिकनाकाहरूमा सवारी साधनको आवतजावत अवरूद्ध गराएको छ।

भारतले यतिसम्म धूर्तता देखाएको छ कि उसले आफूले गरेको निर्दयी अमानवीय ब्यवहारलाई "असुरक्षाको कारण अवरोध" भनी बाहिरी मुलुकहरूमा चित्रण गर्दै आएकोछ। यसरी नेपाली जनताको उजुरीलाई भारतको ठूलो चर्को स्वरले दबाईएको छ र विश्वका संचार माध्यमहरूले पनि आन्तरीक कुरा नबुझी जस्ताको तस्तै उद्‌गृत गरेकाछन्। भारतले पहिले पनि आफ्नो निहित स्वार्थको लागि यस्तो नाकाबन्दीहरू नलगाएको हैन। तर यसपटक भने उचालीएका दलहरूको संयोजनमा दक्षिणी भेगमा नेपालकोसंविधानले मधेश र थारु जातीलाई नसमेटेको भनी विरोध प्रदर्शन एवं हुलदंगा भयो जसबाट दर्जनौं हताहत भए। वास्तवमा नेपालको संविधानमा लक्षित मधेश, जनजाती,महिला र पिछडिएका वर्गको आरक्षण राखिएको कुरामा साधारण मधेशवासीहरू अनविज्ञ देखिन्छन जसको फाइदा पनि यिनै जमिन्दारहरूले लिएको देखिन्छ।

यसमा कसैको मतभेद छैन कि थारू र मधेशी बाहेक धेरै जनजातिहरू वर्षौंदेखि आफ्नो अधिकारबाट वन्चित भएका छन्। यसको फाइदा उठाउँदै ईशाई धर्म विस्तार गर्नतल्लीन अन्तराष्ट्रिय संघ-संस्थाहरू उनीहरूको धमाधम धर्म परिवर्तन गराउने क्रममा छन्। आफ्नै देशमा अपहेलित भएर गरीबीलाई अँगाल्नुभन्दा यदि कोहि आफ्नैआँगनमा आएर धर्मको नाममा सहुलियत दिन्छ भने आकर्षित हुनुमा उनीहरूको के दोष? फेरी धर्मको त्यसरी प्रचार गर्नु ठिक हो या हैन भन्ने कुरा आफैमा एउटाविवादस्पद कुरा हो। तर जे जस्तो भएपनि अल्पसंख्यक समूहहरूको अधिकारको सन्दर्भमा विश्वमा नेपाल उदाहरणको रूपमा रहेको छ। विश्वका सबै संविधानहरूलेसंम्पुर्ण वर्गहरूलाई समेट्न खोजे पनि सबैलाई उत्तिकै खुशी पार्नु असम्भव देखिन्छ।महिलाहरूले पुरुष जतिको अधिकार नपाएपनि यस सन्दर्भमा नेपालको संविधानविकासोन्मुक देशहरूको मध्येमा उत्कृष्ट मानिन्छ। अझै पनि यस क्षेत्रमा थप प्रयासहरू भईरहेको देखिन्छ। खासै भन्ने हो भने सबैभन्दा विकसित मानिएको अमेरीकामापनि अझै महिलाहरू समान आयको माग गर्दैछन् भने रंगभेद उत्तिकै गढिएको छ। नेपालका लागि अमेरीकी राजदूत अलैदा बी. तेपलीजले सामुहिक रूपम नयाँसंविधानले नेपालको भविश्यको लागि ठूलो भूमिका खेल्ने र यो एउटा महत्वपूर्ण दुरतादर्शक ढुगां सावित हुने विचार प्रकट गर्नुभएको थियो।

ऐतिहाँसिक रूपमा नै तराईवासी नेपालीहरूले भारतसँग सामाजिक, साँस्कृतिक र आर्थिक दोहोरो सम्बन्ध गाँसेको हुँदा उनीहरूलाई आफनो पक्षमा राख्न सकिन्छ भन्नेकुरामा भारत विश्वस्त छ। धेरै मधेशी सन्ततिहरू कैयौं पुस्तादेखि भारतबाट बसाइँ सरेर आएका पनि हुन्। त्यसको बावजुद पहाडी र जनजाति जो पहाडी अफ्ठ्यारेकोचटारोले तराईमा सहज जीवन बिताउन आएका छन् उनीहरूले तराईको अधिकांश हिस्सा ओगटेका छन्। मधेशमा बस्ने मधेशी हुन् त्यसमा मधेशी भन्यो भनेर हेपिएकोमहसुस गर्नुको कुनै औचित्य छैन। तर मधेशमा बस्नेलाई "भारतीय-धोती"भनेर हेप्ने मानसिकता चाँहि तत्काल छाड्नुपर्ने देखिन्छ। त्यो बाहेक

उनीहरूको रहनसहन रभाषालाई समेत ईज्जत गर्नुपर्ने हुन्छ। मैथिली भाषालाई अबुझ बनेर हिन्दी भाषा भनी अवहेलना गर्ने प्रवृति पनि त्याग्नुपर्ने हुन्छ। यी सबै कुराको जड सामुदायिक भावना रचेतनाको विकास नभएर नै हो। चेतनाको कुरा गर्दा नेपालको साक्षरताको आँकडा हेर्ने हो भने राणाशासनको अन्त्यमा ८%बाट बिस्तारै बढ्दै लगभग २०१०/२०११माआइपुग्दा ५६.६% मा आएको देखिन्छ। तर पनि अरू देशहरूको तुलनामा यो आँकडा निकै कम हो। अर्को कुरा शिक्षा भनेको एउटा साधन मात्र हो जसले विवेकशीलबन्न मदत गर्छ। तर शिक्षाको गलत प्रयोग भएमा नेपालका पढेलेखेका नेताहरूकोजस्तै अनुत्पादक हुन्छ। नियालेर हेर्दा यिनीहरूकै कमजोरीको कारण मधेशीहरू अझैअपेक्षित महसुस गरीरहेका हुन्।

अफसोच मधेशीहरूको असन्तुष्टिको फाइदा लिने अभिप्रायले मधेशका बासिन्दालाई विभिन्न प्रलोभन र झुटा समाचार प्रचार-प्रसार गरी आन्दोलनमा उक्साउने भारतकोकुटिल नियति देखिन्छ। कटपुतली बनाइएका नेपाली नेताहरूको मदतबाट भारत नेपालको प्रतिनिधिसभामा आफ्नो वर्चस्व राख्न चाहन्छ। त्यसका लागि भारतलेजनघनत्वको आधारमा प्रतिनिधि छानिनुपर्ने प्रस्ताव अंघि सारेको छ। यसबाट आफूले चाहेको कानुन बनाउन सकिने र नेपालको प्राकृतिक सम्पदा विशेषत: जलस्रोतकोउपयोग गर्न सकिने आकांक्षा भारतको देखिन्छ। सात प्रान्तबाट आठ प्रतिनिधिको नँया संविधानको प्रायोजन भारतलाई मन परेको छैन। कैलाली, कंचनपुर, सुनसरी, झापार मोरगंलाई मधेश प्रान्तमा राख्दा पहाडी भागलाई तराईबाट अलग्याउन सक्ने र आईपरेमा सजिलै नाकाबन्दि लगाउन मिल्ने भारतको सोचाई छ। यसको प्रमाण भारतीयप्रधानमन्त्री नरेन्द्र मोदीको $१६८००००००को नदि-हातेमालो योजनालाई लिन सकिन्छ जसका लागि नेपाली नदिनालाहरू निकै आवश्यक देखिन्छन्। यस योजनाबाट बाह्रैमहिना सिँचाई गर्ने र पर्याप्त जलविद्युत् निकाल्ने लक्ष छ।

सन् १९४७मा कुटिल राजनैतिक चाल खेली सामुदायिक मतको आधारमा स्वायत्त सिक्किमको भारतमा सम्यमिलन  कपटको अर्को ज्वलन्त उदाहरण हो। त्यति मात्र हैनसन् १९४९मा अंग्रेज शासन पछाडी भारतले भुटानमाथि प्रभुत्व जारी राख्यो। तत्पश्चात सन् १९९०को भुटानी शरणार्थी संकटमा भारतको नै ठूलो हात रह्यो। भुटानको दक्षिणीभेगका नेपाली भुटानीहरूको आफ्नो पहिचान-भेषभाषाको मागलाई कुल्चने काममा भारतले भुटानी सरकारलाई मदत गरेको देखिन्छ।

केलाएर हेर्ने हो भने भारत सार्वभौमसत्तासम्पन्न स्वतन्त्र राष्ट्रको रूपमा नपाललाई देख्न चाँहदैन। वास्तवमा भारतलाई नेपालको स्वाधीनतामाथि खेद छ| अझै पनि भारतीयपाठ्यक्रममा " बुद्ध भारतमा जन्मेको", "सगरमाथा भारतमा अवस्थित रहेको" आदिईत्यादि तथ्यबिहिन कुराहरू पढाईन्छ। फलस्वरूप अधिकांश भारतीय जनताहरूमानेपाल एक भारतीय प्रान्त हो भन्ने भ्रम यथावत देखिन्छ। त्यसमाथि अवसरवादी नेताहरूलाई नचाएर शक्ति-प्रदर्शन गर्दै नेपालको आन्तरिक मामीलामा भारतले हस्तक्षेपगरीरहेको छ।

सन् १९५०को "नेपाल-भारत मैत्री सन्धि" लगायत जलस्रोतका सन्धिहरू जस्तै महाकाली-सन्धि, कोशी-योजना, गण्डक सिँचाई र विद्युत सहमति र टनकपुर सहमतिहरूकेहि असमान सहमतिका उदाहरणहरू हुन्।भारतबाट नेपाली भू-भागको अतिक्रमण पनि त्यतिकै देखिन्छ। राणाशासनको कालदेखि आफ्नो देशभन्दा स्वार्थलाई ध्यानमाराखी भारतसँग भएका आजसम्मका क्रमिक सहमतिहरूले पनि यो परीणाम निम्त्याएको हो। यी कुराहरूको अरू देशहरूको मध्यस्ततामा दुईपक्षिय लाभ हुनेगरीपरीमार्जन गरीनुपर्ने अत्यावश्यक देखिन्छ। त्यतिमात्र हैन कोलकाता लगायतका सबै बन्दरगाहहरूमा नेपालको सहज पहुँच हुनुपर्छ। फूलबारी कोरीडरबाटबंगलादेशसँगको गठबन्धनको लागि नेपाल सरकारबाट पहल नभएको हैन तर भारत सरकार आफू यसबाट लाभन्वित नहुने हुनाले चुप छ।

अहिले नेपालमा ईन्धन औषधिमुलो र खाद्यान्नको निकै अभाव देखिँदै गएको छ। वैशाख र ज्येष्ठको ७.९ र ७.५ रिक्टर स्केलको भूकम्पबाट नाजुक भएको नेपालको आर्थिक,शैक्षिक र स्वास्थ्य क्षेत्र नाकाबन्दिको कारणले थप प्रभावित भएको छ। नेपाल सरकारले वैकल्पिक ईन्धनको रूपमा दाउराको प्रबन्ध गरीरहेको छ। यसबाट हुने वनविनाशलेनिकट भविश्यमा वातावरणमा नकारात्मक प्रभाव समेत देखिन्छ। यस्तो अवस्थाबाट गुज्रिरहेको समयको फाइदा उठाउने परजीविहरू कालो धन्धामा संलग्न भई फाइदालिईरहेका छन्। संयुक्त राष्ट्र संघले पनि आफ्नो विवरणमा भारतको नाकाबन्दिले नेपालको भविष्य धराप बनाएको भनी लेखिएको छ। वाल स्ट्रिट जर्नलले नेपालकाजनतालाई जातीय एवं क्षेत्रिय विभेदको नारा दिई वर्गीय विभाजन गर्ने भारतको प्रयासलाई ठूलो गल्ती भनी यसले भारतको दखल हिमाली देशमा कमजोर हुने बताएको छ।यस स्थितिमा नेपालस्थित अन्य वैदेशिक राजदुतावासहरूले आफ्नो नागरिकहरूलाई सावधानीको सूचना जारी गरेका छन्।

भारतीय प्रधानमन्त्री मोदीबाट सन् २०१४ नोभेम्बरको औपचारिक भ्रमण भएपनि, उनको नेपाल भ्रमण पहिलो थिएन। विगत ओनौपचारिक भ्रमणको माध्यमबाट उनलाईनेपालको राजनैतिक अवस्था र भारत-नेपालका सिमानाका असन्तुष्ट नेपालहरूको राम्रो जानकारी थियो।औपचारिक भ्रमणमा उनले नेपालीहरूको भारतप्रतिको मनसाय नैबद्लिने गरी आत्मीयता देखाए जसले गर्दा उनको नेपालमा भब्य स्वागत भयो। फलस्वरूप नेपाली राजनैतिक दलहरूमा पनि भारतबाट सहयोगको आशा गाढा भयो।खेलका टुक्राहरूलाई जोड्दा चतुर मोदीको यो ठूलो चाल देखिन्छ। त्यसैले जब उनको दोस्रो नेपाल भ्रमणमा तराईवासीलाई सम्बोधन गर्ने

योजनाको "आन्तरिक मामीलामाहस्तक्षेप" भनी विरोध भयो उनले भ्रमण रद्ध गरे। अन्तत: उनको देखावटी सद्भावले कोल्टो फेर्यो र मधेशी नेताहरूको आडमा नेपालमाथि नाकाबन्दि लगाईयो।

भोलीका दिनमा नाकाबन्दिमा भएका अमानवीय ब्यहवार र अधिकार उल्लघंनप्रति भारत जवाफदेहि हुनुपर्नेछ। यो घटनाले नेपालीहरूलाई आफ्नो वास्तविकताको अवगतगराएको छ र संसारका आधिकारिक कुराहरू कागजमा मात्रै सिमित रहने र बलियाहरूले नै राज गर्ने कुरा पुष्टि गरेको छ। यसले नेपालीहरूलाई आत्मनिर्भर हुन पनिझकझकाएको छ। त्यति मात्र हैन आफ्नो जलस्रोतको सहि प्रयोजनबाट उल्टै भारतलाई चुनौती दिन सकिन्छ भन्ने कुरा पनि सम्झाएको छ। कुरामा मात्रै सिमित रहेकोसयौँथरी फूलको फूलबारी नेपाललाई सबै नेपालीहरूले समानरूपमा मलजल गरेको खण्डमा नेपालले कहिल्यै कसैको सामु शीर झुकाउनुपर्ने छैन।